नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या:२०७५/७६

चलानी नं.: २३६

मिति : २०७५।०८।१०

श्री स्थानीय तह, सबै ।

विषय: सामाजिक सुरक्षा दिवस मनाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ३२, मिति २०७५/०८/०७ को पत्रबाट सम्माननीय प्रधानमन्त्रीज्यूबाट मङ्सिर ११ गते योगदानमा आधारित सामाजिक सुरक्ष योजनाहरुको शुभारम्भ गर्ने कार्यक्रम निश्चित भएको छ । उक्त दिनलाई सामाजिक सुरक्षा दिवसको रुपमा मनाउने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भई सकेको हुँदा सबै स्थानीय तहमा विविध कार्यक्रम गरी **"सामाजिक सुरक्षा दिवस"** भव्य रुपमा मनाउने अनुरोध गरिदिन यस मन्त्रालयमा अनुरोध भई आएकोले सोही अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पत्र संलग्न छ।

जनकराज शर्मा

शाखा अधिकृत

**बोधार्थः**

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रमिक कल्याण शाखा ।

श्री सूचना शाखा: websiteमा uploadगरिदिनु हुन ।

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(श्रमिक कल्याण शाखा)

पत्र संख्याः २०७५।७६ चलानी संख्या : श्रमिक कल्याण 32

मितिः२०७५/०८/०७

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

दर्ता नं.:- 9908
मिति:- 075/8/5

विषयः सामाजिक सुरक्षा दिवस मनाउने सम्बन्धमा।

सम्माननीय प्रधानमन्त्रीज्यूबाट मङ्सिर ११ गते योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरुको शुभारम्भ गर्ने कार्यक्रम निश्चित गरिएको छ । उक्त दिनलाई सामाजिक सुरक्षा दिवसको रुपमा मनाउने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भई सकेको हुँदा उक्त दिन सबै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउपलिकाहरुमा विविध कार्यक्रम गरी **"सामाजिक सुरक्षा दिवस"** भव्य रुपमा मनाउने व्यवस्था मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट लेखी आएको हुँदा सो कार्यक्रम आयोजना गर्न आवश्यक सहयोग एवम् समन्वयका लागि निर्देशानुसार अनुरोध गर्दछु । कार्यक्रम सम्बन्धी लोगो, नारा र संक्षिप्त जानकारी यसै साथ संलग्न गरी पठाईएको व्यहोरा समेत अनुरोध गर्दछु।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्युको कार्य कक्ष
दर्ता नम्बर:- 820
दर्ता मिति:- 075/8/10

(रामप्रसाद घिमिरे)
सहसचिव

**बोधार्थ**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं।

सिंहदरबार, काठमाण्डौं, फोन नं: ४२११७९१, फ्याक्सः ९७७।१।४२११८७७ इमेलः info@mole.gov.np वेबः www.mole.gov.np

# सामाजिक सुरक्षा कोष
# र
# योगदानमा आधारित सामाजिक सुरक्षा योजना



सामाजिक सुरक्षा कोष, नेपाल

## १.पृष्ठभूमि

आर्थिक तथा सामाजिक रुपमा जोखिममा रहेका नागरिकलाई संरक्षण गर्नु राज्यको प्रमुख दायित्व हो । संविधानले नै मुलुक समाजवाद उन्मुख हुने भनी मार्गनिर्देश गरेको छ । संविधानको धारा ३४ मा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई श्रमिकहरुको मौलिक हकको रुपमा उल्लेख गरिएको छ । यसैगरी संविधानको धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षाको व्यवस्था गरिएको छ ।

श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ कार्यान्वयनमा आएको छ । यो ऐन अन्तर्गतको सामाजिक सुरक्षा सुविधा प्राप्त गर्न तोकिए बमोजिमको सामाजिक सुरक्षा योजनामा सहभागी हुनु पर्दछ । सामाजिक सुरक्षा योजनामा सहभागी हुन रोजगारदाता तथा श्रमिक सामाजिक सुरक्षा कोषमा सूचिकृत हुनु पर्दछ । यसरी सामाजिक सुरक्षा योजनामा योगदान गरे पश्चात् मात्र सम्वन्धित योजनामा उल्लेखित शर्त अनुरुप सुविधा पाउने व्यवस्था गरिएको छ ।

## २. सामाजिक सुरक्षा कोष स्थापनाको उद्देश्य

आर्थिक वर्ष २०६६/६७ को वार्षिक नीति तथा कार्यक्रममा घोषणा भए अनुरुप सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा संचालन) नियमावली, २०६७ बमोजिम कोषको गठन भएको थियो । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तर्जुमा भै कार्यान्वयनमा आए पश्चात् हाल सोही ऐन वमोजिम कोषले आफ्नो कार्य सञ्चालन गरिरहेको छ । कोषको स्थापना तथा परिचालनबाट योगदानमा आधारित सामाजिक सुरक्षाका योजना तर्जुमा तथा कार्यान्वयन गरी सामाजिक सुरक्षाको हक सुनिश्चत गर्नु सामाजिक सुरक्षा कोष स्थापनाको प्रमुख उद्देश्य रहेको छ ।

## ३. सामाजिक सुरक्षा योजना (Scheme) बाट प्राप्त हुने सुविधाहरु

### ३.१. औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना

### (क) औषधि उपचार तथा स्वास्थ्य योजना



**सुविधा कसले पाउछ ?**

कोषमा कम्तीमा छ महिना योगदान गर्ने श्रमिकले औषधि उपचार र स्वास्थ्य सुविधा पाउँछ । योगदान नियमित गर्नु पर्दछ ।

**के सुविधा पाउछन् ?**

- चिकित्सकको परामर्श सेवा,
- अस्पताल भर्ना तथा शल्यकृया वापतको शुल्क,
- रोग परीक्षण तथा उपचार वापतको खर्च,
- औषधीको बील वमोजिमको रकम,
- अस्पताल भर्ना नभएको तर उपचारका लागि अस्पतालमा आवतजावत गर्न सक्ने अवस्था नभई घरैमा बसी उपचार गराएकोमा चिकित्सक वा स्वास्थ्यकर्मीले विरामीको घरैमा गई प्रदान गरेको परामर्श सेवा वापतको शुल्क ।

**कस्तो अवस्थामा सुविधा पाउदैनन् ?**

- दुर्घटना भई आवश्यक भएकोमा वाहेक प्लास्टिक सर्जरी तथा दाँतको उपचार खर्च
- वारियट्रिक सर्जरी (वोसो निकाल्ने) वापतको खर्च
- महामारी फैलिई कोषले खर्च धान्न नसक्ने भै नेपाल सरकारले यो सुविधा निलम्वन गरेकोमा ।

**के योगदानकर्ताले पाउने सुविधा असिमित हुन्छ ?**

- यो सुविधा असिमित भने हुदैन ।
- सुविधाको सीमा
  - अस्पतालमा भर्ना भई उपचार गराउदा वर्षमा बढीमा एक लाख रुपैयाँसम्म ।
  - घरैमा बसी उपचार गराउदा बर्षमा बढीमा पच्चिस हजार रुपैयाँसम्म ।

- यस्तो सुविधा दावी गर्दा कुल दावी रकमको २० प्रतिशत रकम योगदानकर्ता आफैंले तिर्नु पर्दछ ।

**विरामी भई विदामा वस्दा कति पारिश्रमिक पाउछन ?**

- १२ दिन विरामी विदा वापत पुरै पारिश्रमिक रोजगारदातावाट पाउने ।
- सो भन्दा वढि बिरामी भई बिदामा बस्नु पर्दा १३ हप्ता सम्मका लागि आधारभुत पारिश्रमिकको ६० प्रतिशत रकम कोष वाट पाउने ।

`

## ख. मातृत्व सुरक्षा योजना



**सुविधा कसले पाउछ ?**

- पछिल्लो १८ महिनाको अवधिमा कम्तीमा १२ महिना योगदान गरेका गर्भवती श्रमिक वा योगदानकर्ताको पत्नीले यो सुविधा पाउछन् ।

**के सुविधा पाउछन ?**

- योगदानकर्ता वा निजको पत्नीको नियमित गर्भ परीक्षण, अस्पताल भर्ना, शल्यकृया तथा तीन महिनासम्मको शिशुको उपचार वापतको खर्च,
- प्रसुती स्याहारको लागि प्रति शिशु एक महिनाको न्यूनतम पारिश्रमिक बराबरको रकम,
- चौबीस हप्ता भन्दा बढी अवधिको गर्भपतन भएको अवस्थामा वा मृत शिशु जन्म भएको अवस्था पनि यो सुविधा पाउने,
- एक महिनाको न्यूनतम पारिश्रमिक बराबरको रकम प्रसुति हुने योगदानकर्ता वा योगदानकर्ताको पत्नीले पाउने । तर पति पत्नी दुवै योगदानकर्ता भएको अवस्थामा एक जनालाई मात्र यस्तो सुविधा उपलब्ध हुनेछ ।

**विरामी भई विदामा रहँदा कति पारिश्रमिक पाउँछन ?**

- प्रसुति बिदा अवधि ९८ दिन मध्ये ६० दिनको रोजगारदाताले दिने र सो बाहेक ३८ दिनको लागि खाईपाई आएको आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम कोषले प्रदान गर्ने ।

## ३.२. दुर्घटना र अशक्तता सुरक्षा योजना

**सुविधा कसले पाउछ ?**



- रोजगारीजन्य दुर्घटनामा परी उपचार गर्नुपर्ने अवस्थाका श्रमिकले ।
- ब्यवसायजन्य रोग लागेका श्रमिकले ।
- रोजगारीजन्य वाहेक अन्य दुर्घटनामा परेका श्रमिकले ।

**के सुविधा पाउछन् ?**

- रोजगारदाताले तोकेको काम गर्दा वा कार्य समय भित्र वा कामको लागि आउने वा जाने क्रममा भएको सवै प्रकारको रोजगारीजन्य दुर्घटनामा परेको वा व्यवसायजन्य रोग लागेको श्रमिकको उपचार वापत लाग्ने सम्पुर्ण खर्च,
- रोजगारीजन्य बाहेक अन्य दुर्घटना भएको अवस्थामा बढिमा सात लाख रुपैंयाँसम्मको खर्च ।
- तर प्राकृतिक विपत्तिको कारण दुर्घटना भएकोमा वा सडक दुर्घटना भएकोमा वा अन्य वीमा प्रणलीबाट सुविधा पाउने अवस्थामा सामाजिक सुरक्षा कोषले कुनै खर्च व्यहोर्ने छैन ।
- अस्थायी रुपमा काम गर्न असक्षम भएमा तोकिएको सूत्रको आधारमा हिसाब गरी आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम काममा नफर्केसम्म प्रदान गरिने छ ।
- स्थायी रुपमा आंशिक असक्षमता भएमा तोकिएको सूत्रको अनुरुप हिसाव गरी आधारभुत पारिश्रमिकको ६० प्रतिशतलाई शत प्रतिशत मानी असक्षमता प्रतिशतका आधारमा जीवनभर निवृतिभरण,
- स्थायी पूर्ण असक्षमता भएमा आधारभूत पारिश्रमिकको ६० प्रतिशत बरावरको रकम मासिक रुपमा जीवनभर निवृतिभरण पाउने । यस्तो रकम निजलाई वा निजलाई हेरचाह गर्ने व्यक्ति वा संस्थालाई समेत प्रदान गर्ने व्यवस्था गरिएको छ ।

## ३.३. आश्रित परिवार सुरक्षा योजना



### सुविधा कसले पाउछ ?

- दुर्घटना वा व्यवसायजन्य रोगका कारणबाट मृत्यु भएका श्रमिकको पति, पत्नी, छोरा, छोरी, वा वावु आमा मध्ये प्राथमिकताको क्रममा सुविधा दिईनेछ ।

### के सुविधा पाउछन ?

- दुर्घटना वा व्यवसायजन्य रोगको कारण मृत्यु भएका श्रमिकको पति वा पत्नीलाई योगदानकर्ताको अन्तिम आधारभूत पारिश्रमिकको साठी प्रतिशतको दरले जीवनभर निवृतिभरण,

  तर पति वा पत्नीको वैकल्पिक रोजगारी भएको अवस्थामा वा दोश्रो विवाह गरेको अवस्थामा त्यस्तो निवृतिभरण पाउने छैनन् ।

- योगदानकर्ताको मृत्यु भएको अवस्थामा १८ बर्ष पुरा नभएको सन्ततिले शैक्षिक वृत्ति,

  यस्तो वृत्ति रकम आधारभूत पारिश्रमिकको चालिस प्रतिशत हुनेछ तर एक भन्दा वढि सन्तान भएमा साठी प्रतिशतलाई दामासाहिले प्रदान गरिनेछ । तर अध्ययनरत आश्रित सन्तति निरन्तर अध्ययनरत रहेकोमा निज २१ वर्ष उमेर पुरा नभएसम्म वा निजले विवाह नगरेसम्म मात्र यस्तो सुविधा प्रदान गरनिेछ ।


- योगदानकर्ताको मृत्यु भएकोमा निजको पति वा पत्नी वा सन्तान नभई सगोलमा बस्ने आमा बुवा भएमा योगदान कर्ताको आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम दामासाहीले पाउने,

  तर निजहरुको वैकल्पिक रोजगारी भएकोमा वा यस कोषले दिने रकम भन्दा वढि सुविधा अन्यत्रवाट पाउने भएमा कोषले थप सुविधा दिने छैन ।

### अन्तिम संस्कार खर्च पाउने ः

- योगदानकर्ता वा स्थायी असक्षमता भई सुविधा लिने व्यक्तिको मृत्यु भएमा आश्रितले २५ हजार रुपैयाँ अन्तिम सस्कार खर्च प्रदान गरिने छ ।

## ३.४. वृद्ध अवस्था सुरक्षा योजना



यस योजनामा निम्न दुईमध्ये एक योजनामा सहभागी हुन पाउने

- अवकाश सुविधा योजना ।
- निवृत्तभरण सुविधा योजना (पेन्सन)

### अवकाश सुविधा योजनामा को सहभागी हुन पाउछ ?

- हाल सञ्चयकोष र उपदान सुविधा पाईरहेकाहरु ।

### सेवा अन्त्य हुदा पाउने सुविधा

- संचयकोष रकम (रोजगारदातावाट १० प्रतिशत र श्रमिकको १० प्रतिशत रकमको योग)
- उपदान रकम (रोजगारदाताले योगदान गर्ने ८.३३ प्रतिशत रकम)
- उल्लेखित रकमको लगानीवाट प्राप्त हुने लाभांश तथा प्रतिफल समेत सेवा अन्त्य हुदाको वखत पाउने ।

### निवृत्तिभरण कसले लिन पाउछ ?

- २०७६ साल श्रावन १ गते पछि रोजगारीमा आउने श्रमिक,
- हाल उपदान र सञ्चयकोष पाई रहेका श्रमिकको हकमा निवृतिभरण योजना लिने गरी प्रतिष्ठानमा सामुहिक सौदावाजी भएमा ।

### निवृत्तिभरण कहिलेवाट र रकम कति पाउछन् ?

- ६० वर्ष पुरा भएका श्रमिकले जिवन भर पाउने ।
- अवकाश हुँदाका मितिसम्म जम्मा भएको कुल योगदानमा प्रतिफल समेत थप गरी हुने कुल रकमलाई १८० ले भाग गर्दा हुने रकम जिवनभर प्रति महिना भुक्तानी पाउने ।
- ६० वर्ष उमेर नपुगी मृत्यु भएमा निजको नाममा कोषमा गरेको योगदान र प्राप्त प्रतिफल समेत निजको आश्रित परिवारले पाउने ।

## ४. सामाजिक सुरक्षा योजनामा सहभागी हुने प्रक्रिया

**सूचिकृत हुनु पर्ने ः**

कोषमा रोजगारदाता र श्रमिकहरु अनिवार्य रुपमा सुचिकरण हुनु पर्नेछ । यसको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको रोजगारदाताको सूचीकरण सम्बन्धि कार्य देहायको तालिका बमोजिमको मितिवाट तीन महिनाभित्र सम्पन्न हुने छ ।

१. काठमाण्डौं उपत्यका भित्रका रोजगारदाता र सबै श्रमिक आपूर्तिकर्ताले मिति २०७५ मसिंर ६ गते बाट ।
२. काठमाण्डौं उपत्यका बाहिर प्रदेश नं ३ का रोजगारदाताले २०७५ मंसिर १५ गते बाट ।
३. प्रदेश नं १ का रोजगारदाताले २०७५ पुस १ गते बाट ।
४. प्रदेश नं २ का रोजगारदाताले २०७५ पुस १५ गतेबाट ।
५. गण्डकी प्रदेश र प्रदेश नं ५का रोजगारदाताले २०७५ माघ १ गतेबाट ।
६. कर्णाली र सुदुरपश्चिम प्रदेशका रोजगारदाताले २०७५ माघ १५ गतेबाट ।

२०७५ कार्तिक २६ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको पहिलो चरणमा रोजगारदाताको सूचिकरण हुनेछ । दोस्रो चरणमा योगदानकर्ता श्रमिकको सूचिकरण हुनेछ । तेस्रो चरणमा योगदान सकंलनको काम सुरु हुनेछ र अन्तिम चरणमा योजना स्किम शुरु भई यी कामहरु निरन्तर रुपमा संचालन हुनेछन् ।

## ५. जम्मा योगदान रकम र यसको बाँडफाँड

- कोषमा नियमित वा कार्यगत वा समयगत वा दैनिक÷आकस्मिक वा आंशिक समय काम गर्ने लगायतका सवै श्रमिकले आधारभूत पारिश्रमिकको ११ प्रतिशत र रोजगारदाताले २० प्रतिशत समेत जम्मा ३१ प्रतिशत जम्मा गर्नु पर्दछ ।

- यस्तो रकम कोषले सम्झौता गरेको वैंक तथा वित्तीय संस्थामार्फत वा कोषको कार्यलयमा दाखिला गर्न सकिन्छ ।

- उक्त रकम मध्येवाट कोषले वृद्धअवस्था संरक्षणमा २८.३३ प्रतिशत खर्च गर्ने छ । सो वाहेक वाँकी २.६७ प्रतिशत मध्येवाट औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजनामा ०.७ प्रतिशत, मातृत्व सुरक्षा योजनामा ०.३ प्रतिशत, दुर्घटना र अशक्तता सुरक्षा योजनामा १.४ प्रतिशत, र आश्रित परिवार सुरक्षा योजनामा ०.२७ प्रतिशत प्रयोग गरिनेछ ।

## ६. सुविधा कसरी दावी गर्ने?

- प्रत्येक सुविधा दावी गर्न छुट्टा छुट्टै दावी फारम छ । सो दावी फारम भरेर योगदान रकम जम्मा गर्ने स्थानमा पेश गर्नु पर्दछ ।
- यस्तो फारमको साथमा सो दावी पुष्टि हुने कागज समेत पेश गर्नु पर्दछ ।
- अस्पतालमा भर्ना भएको अवस्थामा अस्पताल आफैंले रकम दावी गर्न सक्छ। श्रमिकले बीस प्रतिशत रकम जम्मा गर्ने र सिमा भन्दा वढि रकम सोझै भुक्तानी गर्नु पर्ने हुन्छ ।
- श्रमिकले पाउने रकम भुक्तानी सोझै श्रमिकको बैंक खातामा जम्मा हुन्छ ।
- तर दोहोरो सुविधा लिएमा वा झुट्टा विवरण पेश गरी रकम लिएमा कानून बमोजिम कैद वा जरिवाना हुनेछ ।

## ७. अनलाईन प्रणालीबाट सूचिकृत हुने प्रकृया :

**रोजगारदाता सूचिकृत हुने प्रकृया :**


- http://ssf.gov.np मा लग ईन गरी SOSYS icon मा क्लिक गर्नुपर्नेछ।
- Employee registration menu बाट new registration क्लिक गर्नुपर्नेछ ।
- Submission no. पाउनका लागि देखिएको फारम भर्नुपर्नेछ ।
- Submit button क्लिक गरेपछि Submission no. प्राप्त हुनेछ ।
- Submission no. टिपेर राख्नुपर्नेछ ।
- Submission no. प्राप्त गरेपछि रोजगारदाताले देखिएको फारम भर्नुपर्नेछ।
- ठेगाना, कागजपत्र, अध्यक्ष र कार्यकारीप्रमुख अन्तर्गतको विवरण भर्नुपर्नेछ।
- प्रत्येक ट्याबको विवरण भरी add मा क्लिक  गर्दै जानुपर्छ।



- Save button मा क्लिक गर्दा विवरण पछि सच्याउन सकिन्छ भने Submit button मा क्लिक गर्दा विवरण पछि सच्याउन सकिदैंन ।
- Submit गरेपछि सामाजिक सुरक्षा कोषले आवश्यक verification गरी सूचिकरण नं प्रदान गर्नेछ ।


**श्रमिक सूचिकृत हुने प्रकृया:**

- Menu list बाट employer portal मा क्लिक गर्दा देखिएको window display मा employerले आफ्नो User Name, Password र SSID भर्नुपर्छ । सो भरि सकेपछि login button मा क्लिक गर्दा User Name र Password same छ भने Change Password भन्ने फारम खोलिन्छ।
- यो फारममा User Name र SSID auto generate हुन्छ । यो फारममा employerले आफ्नो Old Password, New Password र Confirm New Password भर्नुपर्छ ।
- नयाँ पासवर्ड भरिसकेपछि Change मा क्लिक गर्दा तल देखाएको window display मा employer ले आफ्नो User Name, नयाँ Password र SSID भर्नुपर्छ ।
- भरि सकेपछि login मा क्लिक देखाएको window displayको हुन्छ menu list बाट Contributor Registerमा क्लिक गर्दा Submission No. माग्छ।
- Submission No. प्राप्त गरिएको छैन भने Get Sub No मा क्लिक गर्दा Submission No. auto generate गरिन्छ । Display भएको submission no. टिप्नुपर्छ ।
- Submission No. प्राप्त गरिएको छ भने Yes मा क्लिक गरी Submission No. enter गरी Ok button मा क्लिक गर्नुपर्छ ।
- Ok button मा क्लिक गरेपछि देखाएको window display मा नँया Contributor Register गर्न Add button मा क्लिक गर्नुपर्छ । Add



button मा क्लिक गरेपछि देखाएको window display को फारम Employerले आफ्ना Contributor(s) को details register गर्न प्रयोग गर्छ।

- यो फारममा  Contributorको First Name, Middle Name, Last Name, Gender, DOB र Nationality भर्नुपर्छ।
- रोजगारीको विवरण, ठेगाना, सम्पर्क, नातेदार / ईच्छ्याएको व्यक्ति, कागजपत्र Tab हरुमा विवरण भरी Add गर्दै जानुपर्छ ।
- Multiple Nominee Document add गर्न Add buttonमा क्लिक गर्नुपर्छ।
- सबै  Relatives Nominee Details भरी OK buttonमा क्लिक गर्नुपर्छ ।
- Multiple Documents add गर्न Add button मा क्लिक गर्नुपर्छ।
- Save button मा क्लिक गर्दा भरीएका डाटाहरु temporarily save हुन्छ। Submit button क्लिक गर्दा भरिएका data permanently save हुन्छ र पछि changes गर्न मिल्दैन।
- Submit गरेपछि Go List button मा क्लिक गर्दा देखिएको window display मा Add button मा क्लिक गरेर अरु श्रमिक फाराम भरी थप्न सकिन्छ।
- Save गरेको श्रमिकको स्थिति "I" हुन्छ र Submit गरेको श्रमिकको स्थिति "F" हुन्छ।
- Save गरेको फाराममा पुन: क्लिक गरी परिवर्तन गरेर Submit गर्न सकिन्छ।
- सबै कर्मचारीको विवरण भरिसकेपछि Batch Submitमा क्लिक गर्नुपर्छ। त्यसो गरिसकेपछि batch verified भन्ने सन्देश देखिन्छ।



**सामाजिक सुरक्षा योजनामा सहभागी बनौं**
**सुरक्षित भविश्य सुनिश्चित गरौं**

---

**समृद्ध नेपाल र सुखी नेपालीको लागि**
**सामाजिक सुरक्षा**

---

**सामाजिक सुरक्षामा योगदान**
**व्यक्तिगत संरक्षण प्रवर्धन**

---

**सबैका लागि सामाजिक सुरक्षा**
**हाम्रो साझा प्रतिबद्धता**

---

**समुन्नत वर्तमान र सुरक्षित भविष्यका लागि सामाजिक सुरक्षा**
**योगदानमा आधारित सामाजिक सुरक्षा**

---

**हाम्रो साझा प्रतिबद्धता**
**मर्यादित जीवन र सुरक्षित भविष्यको  लागि सामाजिक सुरक्षा**

---

**समाज रुपान्तरणका लागि**
**सामाजिक सुरक्षा**

---

**असल श्रम सम्बन्धको आधार**
**सामाजिक सुरक्षा र रोजगार**


## सामाजिक सुरक्षा कोष, नेपाल
बबरमहल, काठमाडौं
फोन नं. ४२५६१४४ र ४२५६३१५
फ्याक्स नं. ४२५५४६३
इमेल: info@ssf.gov.np